बैठक संख्या : १७९
मिति : २०८२।०५।३१, मंगलबार
समय : बिहानको ७:०० बजे

कमलामाई नगरपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेलको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र ताईबा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीनाथा ह्यायू | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री विनोद भट्टराई | सचिव (प्र.प्र.अ.) |
| श्री नवराज काफ्ले | नि.प्र.प्र.अ. |

कमलामाई नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

सिन्धुली, बागमती प्रदेश

मिति २०८२ भाद्र ३१ गते बसेको १७९ औं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्ताव नं. १: सम्माननीय राष्ट्रपतिलाई सम्मान सम्बन्धमा ।**

**निर्णयः** Gen-Z आन्दोलनले निम्त्याएको विषम परिस्थितीमा सम्माननीय राष्ट्रपतिज्यूबाट मुलुकको संविधानको संरक्षण गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई रक्षा गर्नु भएकोमा उहाँ प्रति सम्मान व्यक्त गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २: 'भावपूर्ण श्रद्धाञ्जली अर्पण सम्बन्धमा ।**

**निर्णयः** मिति २०८२ भाद्र २३ र २४ गते भएको Gen-Z प्रदर्शनको क्रममा सहादत प्राप्त गर्ने Gen-Z विद्यार्थी भाइबहिनीहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना तथा आन्दोलनको क्रममा घाइते हुनु भएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

**प्रस्ताव नं. ३: प्रारम्भिक क्षतिको समिक्षा र कार्यवाहीको माग सम्बन्धमा ।**

**निर्णयः** मिति २०८२ भाद्र २४ गते भएको तोडफोड तथा आगजनीको कारण कमलामाई नगरपालिका तथा वडा कार्यालयहरु गरी क्षतिको प्रारम्भिक विवरण करिब रु. ४ करोड ७१ लाख ७८ हजार ३६६ क्षति भएको अवस्था छ । कमलामाई नगरपालिका र वडा कार्यालयहरुको तर्फ क्षतिको विवरण तयार गरी मुचुल्काको लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा सम्बन्धित निकायमा पठाइएको क्षति विवरणलाई अनुमोदन गर्ने निर्णय गरियो । क्षति संकलन गर्ने क्रममा कुनै विवरण छुट हुन गएको अवस्था रहे त्यस्तो विवरण पनि संकलन गरी सम्बन्धित निकायमा पठाउने समेत निर्णय गरियो ।

साथै, Gen-Z पुस्ताको नाममा गरिएको प्रदर्शनको क्रममा कमलामाई नगरपालिका एवं ४, ५ र ६ नं. वडा कार्यालयहरु लगायत राष्ट्रिय सम्पत्तीहरु समेत तोडफोड तथा आगजनी

नगर प्रमुख

भई ठूलो क्षति हुन गएकोमा गहिरो दुःख व्यक्त गर्दछौं । नगर भित्र आम सरकारी कार्यालय तथा व्यक्तिको घर पनि आगजनी र तोडफोड भई ठूलो धनजनको क्षति भएको अवस्था छ । माग पुरा गर्ने नाममा यसरी सरकारी तथा नीजि सम्पत्ती माथि क्षति पुर्याउनु सह्य नहुने विषय हो । उक्त घटना घटाउन उत्प्रेरित गर्ने, उक्साउने, तोडफोड तथा आगजनीमा सामेल हुने तथा सामाजिक सञ्जाल मार्फत उक्त उच्छृङ्खल गतिविधि गर्न उक्साउनेहरुलाई कानुन बमोजिम क्षतिपूर्ती सहित कार्यवाही गरी सम्बन्धित निकायमा समेत कार्यवाहीको माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: न्यूनतम् सेवा प्रवाह सम्बन्धमा ।**

**निर्णयः** २०८२ भाद्र २३ र २४ गते भएको Gen-Z प्रदर्शनको क्रममा भएका अमानविय एवं हिंसात्मक गतिविधीबाट भएको क्षतिको सम्बन्धित पक्षसँग निस्पक्ष छानविनको माग र मूल्याङ्कन गर्दै आन्दोलनको क्रममा क्षतिग्रस्त सार्वजनिक सम्पत्तिको संरक्षण एवं पुनः निर्माणको लागि सहकार्य गर्दै दैनिक सेवा प्रवाह गर्न नगरपालिका पूर्ण रुपमा सक्षम नभएसम्मका लागि अत्यावश्यक सेवा र सामान्य दैनिक प्रशासनिक काम कार्यवाही नगरपालिका कार्यालय र मातहतका कार्यालयबाट संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५: इन्धनलाई साधारण रुपबाट संचालन गर्ने सम्बन्धमा ।**

**निर्णयः** यस नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत वडाहरुमा इन्धन वितरण प्रणालीलाई व्यवस्थित र वस्तुनिष्ठ बनाई कार्यान्वयन गर्न मिति २०८२ भाद्र १ गते देखि मलेनिकाको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS मार्फत गरिएकोमा मिति २०८२ भाद्र २३-२४ गते Gen-Z समूहको आन्दोलनले कार्यालयको इन्टरनेट, कम्प्यूटर, प्रिन्टर लगायत भौतिक सम्पत्ती क्षति भएको सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध श्रोत, साधनको आधारमा तत्काल सेवा संचालन गर्ने परिपत्र समेत भएकोले अब उप्रान्त सेवा प्रवाह सुचारु गर्न साधारण कुपन मार्फत इन्धन उपलब्ध गराउने निर्णय गरियो ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

**प्रस्ताव नं. ६: योजना तथा कार्यक्रम सम्बन्धमा ।**

निर्णयः यहि मिति २०८२ भाद्र २४ गते Gen-Z आन्दोलनको क्रममा यस नगरपालिकाको प्रशासनिक भवन र ४, ५ र ६ नं. वडा कार्यालय भवनमा भएको आगजनी तथा तोडफोडबाट कार्यालयका विद्युत तथा इन्टरनेट नेटवर्किङ्ग, फर्निचरहरु, कागजातहरुमा क्षति पुगेको हुँदा यस विषेश परिस्थितीलाई मध्यनजर गर्दै आ.व. २०८२/०८३ को लागि स्वीकृत वार्षिक नगर विकास योजनामा उल्लेखित कुनै पनि योजना तथा कार्यक्रमहरुको अर्को निर्णय नभएसम्म सम्झौता तथा संचालन नगर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७: नदीजन्य पदार्थ ठेक्का सम्बन्धमा ।**

निर्णयः आन्तरिक आय ठेक्काको बन्दोवस्त सम्बन्धी कार्यविधि, २०७५ मा प्रमुख प्रशासकीय अधिकृत, संयोजक रहने गरी मूल्याङ्कन सम्झौता तथा कार्यादेश सम्बन्धी व्यवस्था रहेकोमा हाल प्रमुख प्रशासकीय अधिकृत लामो बिदामा रहनु भएको हुँदा नगरपालिकाका नि. प्रमुख प्रशासकीय अधिकृतबाट नदीजन्य पदार्थ ठेक्काको मूल्याङ्कन, सम्झौता तथा कार्यादेश समेत दिने गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८: आन्दोलनमा संलग्न कर्मचारी सम्बन्धमा ।**

निर्णयः कमलामाई नगरपालिकाको कार्यालय तथा मातहतको कार्यालय र यस कार्यालयबाट कुनै पनि आर्थिक लाभ लिई काय गर्दै आएका दैनिक ज्यालादारी, अस्थायी, करार वा स्थायी सेवा दिंदै आएका कर्मचारी, शिक्षक, स्वास्थ्य कर्मचारी समेतले मिति २०८२ साल भाद्र २३ र २४ गते Gen-Z समूहको नाउँमा गरेको सार्वजनिक सम्पत्ती तोडफोड, आगजनी समेतको कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग गर्नेलाई दिंदै आएको सेवा सुविधा तत्काल रोक्का गरी सो पदीय जिम्मेवारीबाट हटाउन आवश्यक पहल गर्ने निर्णय गरियो ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

CamScanner